# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १५ ] काठमाडौं, चैत्र २६ गते २०२२ साल [ अतिरिक्ताङ्क ३९ (क)


श्री ५ को सरकार

पञ्चायत–मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको जिल्ला–पञ्चायत (कार्य–व्यवस्था) (दोस्रो संशोधन) नियमावली, २०२२ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

जिल्ला–पञ्चायत ( कार्य–व्यवस्था) (दोस्रो संशोधन) नियमावली, २०२२

जिल्ला–पञ्चायत (कार्य–व्यवस्था) नियमावली, २०२० (यसपछि मूल नियमावली भनिएको) मा संशोधन गर्न वाञ्छनीय भएकोले,



679

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जिल्ला–पञ्चायत ऐन, २०१९ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "जिल्ला–पञ्चायत कार्य–व्यवस्था (दोस्रो संशोधन) नियमावली, २०२२" रहेको छ ।

(२) यो नियमावलीको नियम दुई २०२३ साल श्रावण १ गतेदेखि र अरू नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. मूल नियमावलीको नियम ३६ मा संशोधनः– मूल नियमावलीको नियम ३६ को सट्टा देहायको नियम ३६ राखिएको छः–

३६. दैनिक, भ्रमण र ओभर टाईम भत्ताः– (१) जिल्ला–पञ्चायतका कर्मचारीले श्री ५ को सरकारको कर्मचारीले पाए सरह दैनिक तथा भ्रमण भत्ता पाउने छ ।

(२) जिल्ला–पञ्चायतका कर्मचारीहरूले अफिस समयबाहेक घटीमा ३ घण्टाका दरले लगातार १० दिनभन्दा बढी काम गरेमा काम गर्नुपरेको कारण खुलाई जिल्ला–पञ्चायतको बैठकमा पेश गरी स्वीकृत भएपछि ओभरटाईम भत्ता दिइनेछ । त्यस्तो भत्ता दिंदा प्रति घन्टाको प्रचलित स्केलबमोजिम पाउने तलबको अनुपातमा सो ओभर टाईम काम गरेको अवधिको भत्ता दिइने छ ।

३. मूल नियमावलीको नियम ४७ मा संशोधनः– मूल नियमावलीको नियम ४७ को खण्ड (ख) र (ग) को सट्टा देहायबमोजिमको खण्ड (ख) र (ग) राखिएको छः–

(ख) दैनिक तथा भ्रमण भत्ताको दर जिल्ला–सभाद्वारा निर्धारित गरिएबमोजिम हुनेछ,

तर दैनिक–भत्ताको दर दिनको १५। पन्ध्र रुपैयांभन्दा बढी र भ्रमण भत्ताको दर कोसको दुई रुपैयांभन्दा बढी हुने छैन ।

(ग) जिल्ला–पञ्चायतका सभापतिलाई जिल्ला–सभाद्वारा तोकिएबमोजिम बढीमा रू. ३००।– तीन शय मासिक भत्ता प्राप्त हुने छ ।

आज्ञाले–

कुलशेखर शर्मा

श्री ५ को सरकारको सचिव ।

६७२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## पञ्चायत–मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको नगर–पञ्चायत (कार्य-व्यवस्था) (तेस्रो संशोधन) नियमावली, २०२२ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएकोछ।

### नगर–पञ्चायत (कार्य–व्यवस्था) (तेस्रो संशोधन) नियमावली, २०२२

नगर पञ्चायत (कार्य–व्यवस्था) नियमावली, २०२० (यसपछि मूल नियमावली भनिएको) मा संशोधन गर्न वाञ्छनीय भएकोले,

नगर–पञ्चायत ऐन, २०१६ को दफा ५९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम, "नगर–पञ्चायत (कार्य–व्यवस्था) (तेस्रो–संशोधन) नियमावली, २०२२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भहुनेछ।

२. मूल नियमावलीको नियम ११ मा संशोधनः– मूल नियमावलीको नियम ११ को खण्ड (क) र (ख) को सट्टा देहायको खण्ड (क) र (ख) राखिएको छः–

(क) नगर–पञ्चायतका प्रधान–पञ्चलाई नगर–पञ्चायतको बैठकद्वारा तोकिएबमोजिम बढीमा रू. २००। दुईशय मासिक भत्ता प्राप्त हुनेछ,

(ख) दैनिक भत्ताको दर तथा आफ्नो नगरको इलाका छाडी जानुपरेमा भ्रमण भत्ताको दर नगर–पञ्चायतको बैठकद्वारा निर्धारित गरिए-बमोजिम हुनेछ।

तर दैनिक भत्ताको दर दिनको रू.१५। पन्ध्रभन्दा बढी र भ्रमण–भत्ताको दर कोसको रू. २।– दुईभन्दा बढी हुने छैन।

आज्ञाले–

कुलशेखर शर्मा।

श्री ५ को सरकारको सचिव।

श्री ५ को सरकारको छापाखानामा मुद्रित।

८४३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।